# तनहुँ जिल्ला अदालतबाट जारी भएको

## सूचना !!! सूचना !!! सूचना !!!

उपरोक्त सम्वन्धमा विभिन्न मुद्दामा विभिन्न मितिहरुमा दसीका प्रमाण स्वरुप दाखिला हुन आई यस अदालतको जिन्सी कितावमा आम्दानी वाँधिएका विभिन्न दशीका सामानहरु सुन, चाँदी, फलाम जन्य हतियार, मोवाइल, क्यामरा, घडी, कपडा जन्य सामानहरु इत्यादी लामो समय राखी रहँदा सामान राख्ने ठाउँको अभाव भएको , सामान लामो समयसम्म एक माथि अर्को गरी राख्दा सामान वेकम्मा (काम नलाग्ने) , टुटे फुटेका र कतिपय जिन्सी सामान यत्रतत्र अदालत वाहीर कम्पाउण्डमा राख्दा अदालतको वातावरण अशोभनीय देखिएकाले वार्षिक कार्य योजना अनुसार दशीका जिन्सी सामान व्यवस्थापन गर्दै जाने लक्ष्य अनुरुप यस्ता जिन्सी सामानहरु अदालतका फैसला वा आदेशले फिर्ता पाउने वा फिर्ता दिन वाँकी भए १ (एक) महिना भित्र आवश्यक सवुत प्रमाण सहित फिर्ता वुझिलिन आउनुहोला भनि जिल्ला अदालत नियमावली २०५२ को नियम ९० (क)(ख) वमोजिम मिति २०७३।०९।१८ मा सुचना प्रकाशित गरिएकोमा कुनै व्यक्ति सुचना प्रकाशित मितिले १(एक) महिना भित्र जिन्सी सामान फिर्तालिन नआएका र उक्त सामानहरु लिलाम विक्री गरी उचित व्यवस्थापन गर्नु भन्ने यस अदालतको मिति २०७४।०४।१० गतेको टिप्पणी आदेशानुसार लिलाम हुने सामानहरुको मिति २०७४।०६।३० मा जिन्सी मुल्याङकन समितिवाट मुल्याङकन भैसकेकाले उक्त मुल्याङकन समितीले मुल्याङकन गरेको न्यूनतम मुल्य रु.३,३७२८१।-(तीनलाख सैतिस हजार दुई सय एकासी रुपैया) नघट्ने गरी लिलाम वढावढको लागी यो सूचना प्रकाशित गरिएको छ । अतः तपसिल वमोजिमको मिति, स्थान र समयमा सम्पर्क गर्नुहोला ।

<u>तपसिल</u>

**१.) लिलाम हुने मितिः- २०७४।१०।१२ गते ।**

**२.) स्थानः- तनहुँ जिल्ला अदालत, तहसिल शाखा ।**

**३.) समयः- दिउँसो २.०० वजे सम्म ।**

उपरोक्त लिलाम हुने मिति र समयभित्र लिलाम सकार गर्न ईच्छुक व्यक्तिहरु यस अदालतको तहसिल शाखामा सम्पर्क गर्नुहोला । उक्त समयभित्र सम्पर्क गर्ने व्यक्तिहरुलाई जिन्सी मुल्याङकन समितीले मुल्याङकन गरेको न्यूनतम मुल्य कायम हुनेगरी लिलाम वढावढ गराईनेछ । जसले सवै भन्दा वढी मुल्यमा लिलाम सकार गर्छ निज व्यक्तिलाई लिलाम सकार गराईदिईनेछ । लिलाम सकार गर्ने व्यक्तिले लिलाम सकार गरेको अंकको १०% रकम तुरुन्त धरौटी राख्नु पर्नेछ र वाँकी रकम लिलाम सकार गरेको ७(सात) दिन भित्र वुझाउनु पर्नेछ नवुझाएमा उक्त धरौटी राखेको १०% रकम जफत हुनेछ । लिलाम सम्वन्धि अन्य जानकारी आवश्यक भएमा यस तनहुँ जिल्ला अदालतमा सम्पर्क गर्नुहोला ।

ईति सम्वत् २०७४ साल पौष महिना २९ गते रोज ५ शुभम् ………………………………………।